# गोरखा-बुढीगण्डकी बाढी: खोज, उद्धार तथा राहत प्रतिकार्य

## स्थिति प्रतिवेदन # ०१

मितिः २०८३ असोज २५ साँझ १०:०० बजे सम्म

यो प्रतिवेदन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले जिल्ला प्रशासन कार्यालय, जिल्ला तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूबाट प्राप्त विवरणका आधारमा तयार गरेको हो। प्रतिवेदनमा गोरखाको बुढीगण्डकी बाढीबाट सिर्जित अवस्थाको खोज, उद्धार तथा राहत व्यवस्थापनका क्रममा भएका प्रतिकार्यहरु समेटिएका छन्।

## स्थिति विवरण

यही मिति २०८३ असोज २५ गते बिहान करिब ५:३० बजे गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका-६ लोक्पादेखि चुम्लिङको बीचमा ठूलो पहिरो गई सोही स्थान भएर बग्ने बुढीगण्डकी नदी थुनिई लेदो सहितको ठूलो बाढी जाँदा भौतिक क्षति भएको छ। हालसम्म चुमनुब्री गाउँपालिका-६ चुम्चेतको उङ्गिलुङका २ महिला र ३ पुरुष गरी ५ जना सम्पर्कविहिन छन्। प्रभावित विभिन्न क्षेत्रबाट ९ जना विदेशी सहित ९५ जनाको नेपाली सेनाको ४ वटा हेलिकोप्टरबाट उद्धार गरिएको छ।









# हालसम्म प्रतिकार्यका लागि भएका कार्यहरु

| | |
|---|---|
| बिहान ०५:३० बजे | गोरखा जिल्लाको चुमनुब्री गाउँपालिका-६ लोक्पा र चुम्लिङको बीचमा पर्ने सिरिङ्ग हिमालबाट खसेको पहिरोले स्थानीय उङनगुलुङ खोला थुनिएको थियो। खोला थुनिएलगत्तै सोही क्षेत्र भएर बग्ने बुढीगण्डकी नदीमा बाढी आएको खबर प्राप्त हुनासाथ प्रहरी चौकी सिर्दिबासबाट ५ जना र प्रहरी चौकी चुन्चेतबाट ३ जना गरी नेपाल प्रहरीको ८ जनाको टोलीले स्थानीयहरुलाई सुरक्षित स्थानतर्फ स्थानान्तरण गरेको। सल्लेरीस्थित टाइम्स ऊर्जा प्रा.लि.का १२ जना कर्मचारीहरुलाई सुरक्षित स्थानमा सारिएको। |
| बिहान ०६:०० बजे | प्राधिकरणमा बाढीको सूचना प्राप्त भएको, सूचना प्राप्त हुनासाथ गोरखा, धादिङ, तनहुँ, चितवन, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला र स्थानीय तहका गरी कुल २२१ जना प्रतिकार्यकर्ताहरु (Responders) लाई तत्काल प्रतिकार्यमा खटिन एसएमएस (SMS) अलर्ट पठाइएको। |
| बिहान ०६:०० बजे | नेपाली सेनाले हेलिकप्टरमार्फत प्रभावित क्षेत्रको रेकी गरेको। |
| बिहान ०६:१५ बजे | थुनिएको नदीको स्थानबाट पानी बग्न सुरु भई ठूलो बाढी आएको। नदी तटीय क्षेत्रका मानिसहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको। |
| बिहान ०६:३० बजे | बुढीगण्डकी-आरुघाट बाढी मापन केन्द्रमा जलसतह २.२८ मिटरबाट बढेर ३.६६ मिटर पुगेको, जहाँ सतर्कता तह ४.५० मिटर रहेको। जलसतह बढेको सूचना प्राप्त हुनासाथ तटीय क्षेत्रका बासिन्दाहरुलाई लक्षित गरी चेतावनीमूलक एसएमएस (SMS) जारी गरिएको, जसअन्तर्गत हालसम्म कुल करिब दुई लाख अलर्ट सन्देशहरु पठाइएको। |
| बिहान ०६:३० बजेदेखि | प्राधिकरणका कार्यकारी प्रमुख डा.धर्मराज उप्रेतीको अध्यक्षता र गृहमन्त्री सुधन गुरुङको समुपस्थितिमा प्राधिकरणमा विपद् प्रतिकार्य कमाण्ड पोष्टको बैठक निरन्तर बसी बाढीको निरन्तर अनुगमन, अवस्था विश्लेषण र प्रतिकार्यका लागि सम्बन्धित निकायलाई आवश्यक समन्वय, सहजीकरण तथा निर्देशन दिइएको। |
| बिहान ०६:३६ बजे | नेपाली सेनाले हेलिकप्टरमार्फत खोज तथा उद्धार कार्य सुरु गरी ६ जनाको सकुशल उद्धार गरेको। |
| बिहान ०७:५० बजे | बुढीगण्डकी-आरुघाट बाढी मापन केन्द्रमा जलसतह बढेर ५.०१ मिटर पुगेको थियो, जुन खतरा तह ५ मिटरभन्दा माथि हो। |
| बिहान ०८:३० बजे | बुढीगण्डकी-आरुघाट बाढी मापन केन्द्रमा ६.२२ मिटर पुगेको । |
| | नेपाली सेनाबाट ३ वटा Special Force सहित १२७ जना, नेपाल प्रहरीबाट १३३ जना र सशस्त्र प्रहरी बल, नेपालबाट १७७ गरी ४३७ जना सुरक्षाकर्मी प्रभावित क्षेत्रमा परिचालित भएको। विपद् प्रतिकार्य तथा तालिम केन्द्रमा नेपाल प्रहरीको ५० जनाको टोली तयारी अवस्थामा रहेको। |
| बिहान ०८:४० बजे | बुढीगण्डकी-आरुघाट बाढी मापन केन्द्रमा ८.४३ मिटर पुगेको । |
| बिहान १०:०० बजे | सडक र हेलिबाट तत्काल अत्यावश्यक राहत सामग्री ढुवानीको कार्य सुरु गरिएको। |
| बिहान ११:०० बजे | नेपाली सेनाको ४ वटा हेलिकप्टर प्रभावित क्षेत्रमा खोज तथा उद्धारका लागि परिचालन भएको। प्रभावित क्षेत्रबाट हालसम्म ९५ जनाको नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरी सुरक्षित स्थानमा राखिएको। |
| बिहान ११:०० बजेदेखि | गोरखा, लमजुङ र तनहुँ जिल्लाका जिल्लास्तरीय द्रुत प्रतिकार्य टोली (RRT) र प्रदेश अस्पताल गोरखा, तनहुँ र लमजुङका आपत्कालीन चिकित्सकीय टोली (RRT) लाई स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशद्वारा तयारी अवस्थामा राखिएको। |
| दिउसो १:०० बजे | सडक विभाग तथा स्थानीय पूर्वाधार विकास विभागको महानिर्देशकसहितको टोली सडक संचालन तथा बेलिब्रिज संभाव्यता अध्ययनका लागि खटिएको। घटनाको कारण पत्ता लगाउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा ड्रोन तथा भूगर्भविद्सहितको ३ जनाको टोली परिचालन भएको। |
| दिउँसो २:०० बजे | विपद् परिचालन टोली (mobilization team) को बैठक बसी क्षतिको विवरण अद्यावधिक गर्नुका साथै हालसम्म भएका कामको समीक्षा र भावी कार्यका बारेमा छलफल गरिएको। |
| | नेपाली सेनाबाट ३ वटा Special Force सहित १७१ जना, नेपाल प्रहरीबाट १४३ जना र सशस्त्र प्रहरी बल, नेपालबाट ३८९ गरी ७०३ जना सुरक्षाकर्मी प्रभावित क्षेत्रमा परिचालन गरिएको। |





## बाढीका कारण भएको क्षतिको हालसम्म प्राप्त विवरण

| २ पक्की पुल | २ झोलुङ्गे पुल | १ बेली पुल | ३ जलविद्युत | ४ हवन कुण्ड | ४ भेडीगोठ क्षति | ५ सवारी साधन |
|---|---|---|---|---|---|---|

| घर क्षति | | | | | |
|---|---|---|---|---|---|
| ४३ चुमनुब्री गा.पा. ३ | ३९ धार्चे गा.पा. १,३,५ | ६४ आरुघाट गा.पा. ५ | ५८ त्रिपुरासुन्दरी गा.पा. २ | १ विद्यालय | १२ बंगुरको खोर/गोदाम क्षति |

### प्रभावित जनसंख्या तथा प्रभावित/विस्थापित परिवार




## खानेपानी आयोजनामा भएको क्षतिको विवरण

| क्र.सं. | आयोजनाको नाम | स्थानीय तह | वडा नं. |
|---|---|---|---|
| १ | विशालटार आरुघाट खा.पा.आ. | त्रिपुरासुन्दरी गा.पा. | २ |
| २ | मन्पाङ खा.पा.आ. | त्रिपुरासुन्दरी गा.पा. | १ र २ |
| ३ | माझिटार खा.पा.आ. | ज्वालामुखी गा.पा. | १ |
| ४ | पिपलटार खा.पा.आ. | ज्वालामुखी गा.पा. | १ |
| ५ | रातमाटे खा.पा.आ. | ज्वालामुखी गा.पा. | १ |
| ६ | मजुवा खा.पा.आ. | ज्वालामुखी गा.पा. | १ |
| ७ | बुङकोटघाट सिम्ले खा.पा.आ. | ज्वालामुखी गा.पा. | ५ |
| ८ | छाप गहतेरि दलितवस्ति खा.पा.आ. | ज्वालामुखी गा.पा. | ७ |
| ९ | गंगाजमुना गाउँपालिका खा.पा.आ. | गंगाजमुना गा.पा. | ५, ६, ७, ८ |
| १० | त्रिपुरासुन्दरी गाउँपालिकाका खा.पा.आ. | त्रिपुरासुन्दरी गा.पा. | |
| ११ | सिद्धलेक गाउँपालिका खा.पा.आ. | सिद्धलेक गा.पा. | ३ |

Ghattekhola




Jagat




Arughat




Nyak Phedi



# सडक र हेलिमार्फत प्रभावित क्षेत्रहरुमा राहत सामग्रीहरु पठाइएको विवरण

| सि.नं. | विवरण | ईकाई | संख्या | जिल्ला | |
|---|---|---|---|---|---|
| १ | टेन्ट | थान | ११० | गोरखा | बुढी गण्डकी बाढी पिडितका लागी मिति २०८३।०६।२५ गते (६ वटा SML Four wheeler) मिनि ट्रकद्वारा गोरखा पठाईएका राहत सामग्रीहरुको विवरण |
| २ | त्रिपाल | थान | ११० | | |
| ३ | म्याट्रेस | थान | ४४० | | |
| ४ | ब्याङ्केट | थान | ४४० | | |
| ५ | स्लिपिङ ब्याग | थान | ३८० | | |
| ६ | सोलार लाईट | थान | १७५ | | |
| ७ | किचेन सेट | सेट | ११० | | |
| ८ | 1 KVA जेनेरेटर | थान | ८ | | |
| ९ | 5 KVA जेनेरेटर | थान | २ | | |
| १० | ज्याकेट | थान | २५० | | |
| ११ | Hygiene Kit | Box | ८० | | |
| १२ | Food Basket | Box | २१० | | |
| १३ | Baby Basket | Box | २५ | | |
| १४ | Royal Bag (2 yrs) | Bag | २५ | | |
| १५ | Royal Bag (2-5 yrs) | Bag | २५ | | |
| १ | Food Basket | Box | ६० | धादिङ | बुढी गण्डकी बाढी पिडितका लागी मिति २०८३।०६।२५ गते (१ वटा SML Four wheeler) मिनि ट्रकद्वारा धादिङ्ग पठाईएका राहत सामग्रीहरुको विवरण |
| २ | त्रिपाल | थान | ६० | | |
| ३ | म्याट्रेस | थान | १८० | | |
| ४ | ब्याङ्केट | थान | १८० | | |
| ५ | किचेन सेट | थान | ६० | | |
| ६ | ज्याकेट | थान | १२० | | |
| ७ | Royal Bag (2 yrs) | Bag | १० | | |
| ८ | Royal Bag (2-5 yrs) | Bag | १० | | |
| १ | टेन्ट(Winterization) | सेट | १० | गोरखा | बुढी गण्डकी बाढी पिडितका लागी मिति २०८३।०६।२५ गते (MI Heli मार्फत) गोरखा पठाईएका राहत सामग्रीहरुको विवरण |
| २ | म्याट्रेस | थान | ४० | | |
| ३ | सोलार लाईट | थान | २५ | | |
| ४ | ब्याङ्केट | थान | १०० | | |
| ५ | स्लिपिङ ब्याग | थान | ५२ | | |
| ६ | सिरानी | थान | १५ | | |
| ७ | ज्याकेट | थान | ४२ | | |
| ८ | Power Bank | थान | १० | | |
| ९ | Food Basket | Box | २१० | | |
| १० | Fortified Biscuit | Box | १० | | |

# आवश्यक राहत सामग्री (२१ दिनको लागि अनुमानित) जिल्ला प्रशासन कार्यालय गोरखाबाट प्राप्त विवरणको आधारमा

## चुमनुब्री गाउँपालिका

| राहत सामग्री | परिमाण |
|---|---|
| टेन्ट | ४३ थान |
| म्याट्रेस | २१० थान |
| त्रिपाल | ४३ थान |
| चामल | २,७०० के.जि. |
| नुन | ४३ के.जि. |
| आलु | ७६० के.जि. |
| तेल | १११ लि. |
| गेडागुडी | ३३३ के.जि. |
| दाल | ४०५ के.जि. |
| बेसार | २२.५ के.जि. (५०० ग्रामको दरले) |
| हेल्थ/हाइजिन किट | ४३ वटा |
| ब्लाङ्केट | १५९ गोटा |





## धार्चे गाउँपालिका

| राहत सामग्री | परिमाण |
|---|---|
| टेन्ट | ३९ थान |
| म्याट्रेस | १६० थान |
| त्रिपाल | ३९ थान |
| चामल | २,३४० के.जि. |
| नुन | ३९ के.जि. |
| आलु | ८१९ के.जि. |
| गेडागुडी | २९५ के.जि. |
| दाल | ३५१ के.जि. |
| बेसार | १९.५ के.जि. (५०० ग्रामको दरले) |
| हेल्थ/हाइजिन किट | ३९ वटा |
| ब्लाङ्केट | १२६ गोटा |

## आरुघाट गाउँपालिका

| राहत सामग्री | परिमाण |
|---|---|
| टेन्ट | ६४ थान |
| म्याट्रेस | १२८ थान |
| त्रिपाल | ६४ थान |
| चामल | १,९२० के.जि. |
| नुन | ६४ के.जि. |
| आलु | ५७६ के.जि. |
| गेडागुडी | २८८ के.जि. |
| दाल | ३८४ के.जि. |
| बेसार | ३२ के.जि. (५०० ग्रामको दरले) |
| हेल्थ/हाइजिन किट | ६४ वटा |
| ब्लाङ्केट | १३० गोटा |



# त्रिपुरासुन्दरी गा.पा. धादिङका लागि कुल राहत सामग्री माग हिसाब

प्रति एक परिवार (प्रति परिवार ४ जना) का लागि आवश्यक सामग्रीको विवरण तयार पारिएको

| क्र.सं. | सामग्रीको विवरण | प्रति परिवार परिमाण | एकाइ | कुल आवश्यक परिमाण |
|---|---|---|---|---|
| **१. खाद्यान्न (Food Supplies)** | | | | |
| १.१ | चामल | २५ | केजी | १,४५० |
| १.२ | चिउरा | ५ | केजी | २९० |
| १.३ | दाल (मसुरा/रहर) | ५ | केजी | २९० |
| १.४ | पकाउने तेल | २ | लिटर | ११६ |
| १.५ | नुन | १ | केजी | ५८ |
| १.६ | आलु र प्याज | १० | केजी | ५८० |
| १.७ | तयारी खाना (बिस्कुट/चौंचौं) | १ | कार्टुन | ५८ |
| **२. अस्थायी आश्रय र कपडा (Shelter & Clothing)** | | | | |
| २.१ | प्लास्टिक म्याट (Mat) | २ | थान | ११६ |
| २.२ | कम्बल (Blanket) | ४ | थान | २३२ |
| २.३ | टेन्ट | २ | थान | ११६ |
| २.४ | चप्पल महिलाका लागि | २ | जोर | ११६ |
| २.५ | जुत्ता पुरुषका लागि | २ | जोर | ११६ |
| २.६ | लगाउने / ओछ्यानमा फेर्ने सुती/न्यानो कपडा, भित्री वस्त्र | ४ | जोर | २३२ |
| २.७ | छाता / रेनकोट | २ | थान | ११६ |
| **३. सरसफाइ तथा खानेपानी (WASH Kit)** | | | | |
| ३.१ | पानी शुद्धीकरण ट्याब्लेट / पियुस | १ | बट्टा | ५८ |
| ३.२ | ढक्कन भएको बाल्टी र जग | १ | सेट | ५८ |
| ३.३ | साबुन (लुगा धुने + नुहाउने) | ६ | वटा | ३४८ |
| ३.४ | दन्त मन्जन र ब्रस | १ | किट | ५८ |
| ३.५ | स्यानिटरी प्याड (Sanitary Pad) | २ | प्याकेट | ११६ |
| **४. स्वास्थ्य तथा संकटकालीन उपकरण (Health & Safety)** | | | | |
| ४.१ | प्राथमिक उपचार किट (First Aid) | १ | सेट | ५८ |
| ४.२ | रिचार्ज हुने टर्च / सोलार लाइट | १ | थान | ५८ |
| ४.३ | पकाउने भाँडाकुँडा सेट | १ | सेट | ५८ |

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

पोष्ट बक्स नं. २१३२१३
NEOC टोल फ्री: १२३४
टेलिफोन: ०१-४२११५३५, ०१-४२११११७, ०१-१४२११४६७
इमेल: info@bipad.gov.np, ndrrma@gmail.com
वेब लिङ्क: www.ndrrma.gov.np